# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर :

मितिः २०८०/१०/२८

## प्रेस विज्ञप्ति

अर्घाखाँची जिल्ला मालारानी गाउँपालिका वडा नं. ८ स्थित श्री बालशिक्षा माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री राजेन्द्र प्रसाद पन्थीलाई घरबाट विद्यालय जाने क्रममा आज मिति २०८०/१०/२८ गते केही अज्ञात व्यक्तिहरुद्धारा मोटरसाइकल रोकी हातपात तथा दुर्व्यवहार गरेको र सो घटनालाई सामाजिक सञ्जालमा समेत भिडियो बनाई राखेको घटनाप्रति यस मालारानी गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ । विधि, पद्धति र कानून भन्दा माथि रहेर गरिने यस्ता कानून विपरितका अराजक कार्यप्रति मालारानी गाउँपालिका घोर आपत्ति प्रकट गर्दछ । साथै यस्ता किसिमका कार्यहरु कानून बमोजिम दण्डनीय हुने हुँदा सम्बन्धित निकाय समक्ष कानूनी कारबाहीको लागि मालारानी गाउँपालिका हार्दिक अपिल गर्दछ ।

(चेत नारायण कंडेल)
प्रमुख प्रशासकीय अधिकृत
चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत

(दीपा पोखरेल)
का.बा अध्यक्ष
दीपा पोखरेल
का.वा. अध्यक्ष